**REGIONAL NEWS UNIT**
**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date: 18.03.2025**

---

## ***Youth Festival***

स्वास्थ्य तथा कल्याण एवम् संस्कृति मन्त्री श्री जी टी ढुङ्गेलले भन्नुभएको छ शिक्षाका लागि कुनै आयु सीमा छैन र प्रत्येक प्रयासबाट सिक्ने अवसर प्राप्त हुन्छ।

उहाँ आज आठौं पूर्वोत्तर युवा महोत्सव 2025 अन्तर्गत नरबहादुर भण्डारी सरकारी महाविद्यालय तादोङमा आयोजित कार्यक्रमलाई मुख्य अतिथिको रूपमा सम्बोधन गर्दैहुनुहुन्थ्यो। खेल तथा युवा मामिला विभागद्वारा आयोजित कार्यक्रमको विषय थियो 'सशक्त युवा' सशक्त क्षेत्र, मेरो भारत, विकसित भारत थियो।

श्री सांस्कृतिक र खेलकुदका गतिविधिहरूमा युवा सहभागिताको महत्वबारे बोल्दै मन्त्रीले विद्यार्थीहरूलाई आफ्नो काममाथि ध्यान दिने र भावी पिढिलाई प्रेरित गर्ने लक्ष्य निर्धारित गर्ने परामर्श दिनुभयो।

यस अवसरमा आयोजित लोक गीत र नृत्य प्रतियोगितामा अरूणाचल प्रदेश, मणिपुर, मेघालय, मिजोराम, नागाल्याण्ड, त्रिपुरा र सिक्किमका कलाकारहरू सहभागी बने

---

## ***Youth Convention***

यसैवीच आठौं पूर्वोत्तर युवा महोत्सव 2025 को दोस्रो दिन आज चिन्तन भवनमा युवा सम्मेलन तथा सुविचार कार्यक्रम आयोजन गरियो।

रास्ट्रिय सेवा योजना र राज्यको खेल तथा युवा मामिला विभागको संयुक्त तत्वावधानमा आयोजना गरिएको कार्यक्रमलाई सम्बोधन गर्दै खेल तथा युवा मामिला सचिव सुश्री योगिता राईले भन्नुभयो युवाहरू भविस्य मात्र नभएर रास्ट्रको मेरूदण्ड र प्रेरक शक्ति पनि हुन्।

विद्यार्थीहरूलाई आफैमा विश्वास राख्ने र जीवनमा कुनै पनि प्रकारका चुनौतीहरूको सामना गर्ने परामर्श दिंदै उहाँले यस सम्मेलनद्वारा युवावर्गले निश्चित रूपमा ज्ञान प्राप्त गर्नेछन् भन्ने आशा ब्यक्त गर्नुभयो।

कार्यक्रममा नशालुपदार्थ सेवनको खतरा अनि दुवै परिवार र देशको समग्र बिकासमा यसको प्रभावबारे बक्तव्य प्रस्तुत गरियो।

---

## ***Youth Festival MG Marg***

आठौं पूर्वोत्तर युवा महोत्सवको एक भागको रूपमा गान्तोक नगर निगमकी उप मेयर श्रीमती छिरिङ पाल्देन भुटियाले आज एम जी मार्गमा युवा कृति तथा खाद्य स्टलहरूको उद्घाटन गर्नुभयो।

रास्ट्रिय सेवा योजना तथा नेहरू युवा केन्द्र संगठनको देखरेख र तत्वावधानमा खाद्य स्टलहरूमा आठ पूर्वोत्तर राज्यहरूका पान पकवान अनि कला तथा शिल्प प्रदर्शित गरिएका छन्।

---

## ***Lok Sabha MP***

सिक्किम लोकसभा सदस्य डा. इन्द्रहाङ सुब्बाले  आज नयाँ दिल्लीमा केन्द्रीय इलेक्ट्रोनिक्स तथा सूचना प्रौद्योगिकी मन्त्री श्री अश्विनी वैस्णवसित भेट गर्नुभयो।

भेटघाटका बेला उहाँले मन्त्रीसमक्ष राख्नुभएको सिक्किम वृहत रूपमा कृत्रिम बुध्दिमता ए आई सम्बन्धी कार्यक्रम आयोजन गर्ने प्रस्तावमा श्री वैस्णवले सकारात्मक प्रतिक्रिया ब्यक्त गर्नुभएको छ।

विकास गर्ने सरकारको लक्ष्य अनुरूप यो कार्यक्रम आयोजनाको सम्भाब्यताबारे जाँचका लागि अझै विचारविमर्श गर्ने आश्वासन दिनुभएको छ।

श्री वैस्णवको प्रतिक्रियाको स्वागत गर्दै लोकसभा सदस्यले भन्नुभएको छ भारतको ए आई परिदृश्यमा योगदान दिन पूर्वोत्तर क्षेत्रको ब्यापक प्रतिभा र क्षमता छ अनि क्षेत्रमा एउटा समर्पित ए आई मञ्चले युवा, उद्यमीहरू र शोधकर्ताहरूलाई सशक्त बनाउनेछ।

---

## ***CEC Meeting***

मुख्य चुनाउ आयुक्त ज्ञानेश कुमारले आज नयाँ दिल्लीमा गृह मन्त्रालय, बिधायी विभागका सचिवहरू र भारतीय विशिस्ट परिचय प्राधिकरणका मुख्य कार्यकारी अधिकारीहरूसित बैठक गर्नुभयो।

यसमा आधार परिचय संख्यालाई मतदाता परिचय पत्रसित जोड्ने सम्बन्धमा चर्चा भयो।

यसैबीच निर्वाचन आयोगले लामो समयदेखिका चुनाउ सम्बन्धी चुनौतीहरूको सामना गर्न कैयौं पाइला चालेको छ।

यी मध्ये आउँदा तीन महिनाभित्र डुप्लिकेट मतदाता परिचय पत्रका मुद्दाको समाधान गर्ने र चुनाउ एजेन्टहरूलाई उनीहरूका महत्वपूर्ण भूलिकाबारे प्रशिक्षण दिने जस्ता मुद्दाहरू सामेल छन्।

यी बाहेक मतदान केन्द्रहरूमा लामो लाइनलाई छोटो पार्नका लागि निर्वाचन आयोगले भविस्यमा कुनै पनि मतदान केन्द्रमा एक हजार दुई सय भन्दा अधिक मतदाता नहुने घोषणा गरेको छ।

---

***Purple Fair***

रास्ट्रिय गतिशील विकलाङ्गता संस्थान कोलकाता, दिब्याङ्गजन सशक्तिकरण विभाग र केन्द्रीय सामाजिक न्याय तथा अधिकारिता मन्त्रालय अधिन कार्यरत कौशल बिकास, पुनर्वास तथा सशक्तिकरण सिक्किम समग्र क्षेत्रीय केन्द्र जिल्ला प्रशासन पाकिमसित मिलेर भोलि पाकिमको सामुदायिक केन्द्रमा पर्पल फेयर आयोजन गर्नेभएको छ।

यस वर्षको मेलाको विषय विकसित तथा समावेशी भारतको रास्ट्रिय दृस्टिकोण अनुरूप विकसित भारत 2047 र पुस्पित सिक्किम @50 मा दिब्याङ्गजनलाई सामेल गर्नु रहेको छ।

मेलामा अन्य क्रियाकलाप बाहेक प्रधानमन्त्री दिब्यासा केन्द्रको माध्यमद्वारा वरिस्ठ नागरिकहरूलाई सहायक उपकरणहरू वितरण गरिनेछ।

---

***Lok Sabha Chairman***

लोकसभा अध्यक्ष ओम बिरलाले भन्नुभएको छ विधायकहरूले प्रभावी जनप्रतिनिधि बन्नका लागि उनीहरूको सम्विधानका प्रावधानहरूसँगै सदनका नियम र प्रक्रियाहरूबारे ब्यापक जानकारी प्राप्त गर्नुपर्छ।

दिल्ली विधानसभाका नवनिर्वाचित सदस्यहरूका लागि आज नयाँ दिल्लीमा आयोजित दुई दिवसीय प्रशिक्षण कार्यक्रमको उद्घाटन गर्दै उहाँले भन्नुभयो विधायकहरूले सदनका चर्चाहरूमा सक्रिय रूपले भाग लिनुपर्छ।

श्री बिरलाले भन्नुभयो- संसदीय लोकतन्त्रमा विपक्षको भूमिका सकारात्मक र रचनात्मक हुनुपर्छ।

---

***Weather***

राज्यमा आज पनि दिन घमाइलो भएकाले मानिसहरूले जाड़ोबाट केही राहतको अनुभव गरे।

मौसम विज्ञान विभागको रिपोर्ट अनुसार गान्तोक र वरपर क्षेत्रमा बितेको चौबिस घण्टा अधिकतम तापमान बाइस दशमलउ पाँच डिग्री सेल्सियस र न्यूनतम तापमान बाह्र डिग्री सेल्सियस रेकार्ड गरियो।

विभागले भोलि अधिकतम तापमान तेइस डिग्री सेल्सियस र न्यूनतम तापमान बाह्र दशमलउ एक डिग्री रहने पूर्वानुमान गरेको छ।

---